मिति २०८३/०३/३० गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिका बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

<u>प्रस्तावहरू</u>

| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्बन्धित शाखा |
|---|---|---|
| १. | अघिल्लो कार्यपालिका बैठकको निर्णय समीक्षा सम्बन्धमा। | प्रशासन |
| २. | करार कर्मचारीको म्याद थप सम्बन्धमा । | प्रशासन |
| ३. | आगामी आ.व.२०८३/०८४ को वडा, शाखा तथा गाउँपालिकास्तरीय योजना तथा कार्यक्रमहरू पारित गरी गाउँसभामा पेश गर्ने सम्बन्धमा । | प्रशासन |
| ४. | चालू आ.व.२०८२/०८३ मा सम्पूर्ण विषयगते शाखाबाट सम्पादित कामको प्रगति प्रतिवेदन अनुमोदन सम्बन्धमा । | योजना |
| ५. | चालू आ.व.२०८२/०८३ को अनुगमन समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा । | योजना अनुगमन |
| ६. | आ.व.२०८१/८२ को अनियमित बेरुजू नियमित गर्ने सम्बन्धमा। | आ.ले.प. |

<u>निर्णयहरू</u>

<u>निर्णय नं.१</u>

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिकाको गाउँ कार्यपालिकाको मिति २०८३/०३/०९ गतेको बैठकका निर्णयहरूको कार्यान्वियन अवस्था बारे समीक्षा गरियो।

<u>निर्णय नं.२</u>

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय तथा मातहतका कार्यालय एवं स्वास्थ्य संस्थाहरूमा करार सेवामा कार्यरत कर्मचारीहरूलाई स्रोत साधनको उपलव्धता, औचित्य र आवश्यकता समेत विचार गरी १० प्रतिशत तलव वृद्धि गरी छ महिना म्याद थप गर्ने निर्णय सर्वसम्मत गरियो ।

<u>निर्णय नं. ३</u>

प्रस्ताव नं. ३ माथि छलफल गर्दा आगामी आ.व.२०८३/०८४ को वडास्तरीय, विषयगत शाखा तथा गाउँपालिकास्तरीय प्रस्तावित योजना तथा कार्यक्रमहरू आजको यस बैठकबाट पारित गरी स्वीकृतिका लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ४</u>

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व.२०८२/०८३ को यस गाउँपालिकाको सम्पूर्ण विषयगत शाखाबाट सम्पादित भएका कार्यको प्रगति प्रतिवेदन स्वीकृत गरी अनुमोदनका लागि गाउँसभामा पेश गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

<u>निर्णय नं. ५</u>

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिकाको चालू आ.व.२०८२/०८३ को गाउँपालिकास्तरीय आयोजना तथा कार्यक्रम अनुगमन तथा सुपरिवेक्षण समितिको प्रतिवेदन सर्वसम्मत स्वीकृत गरियो।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिकाको लेखा समितिको बैठकबाट निर्णय भई आएको तपसिल बमोजिम अनियमित बेरुजू नियमित गर्ने निर्णय गरी अनुमोदनको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | आ.व. | अनियमित भएको बेरुजू रु. | कैफियत |
|---|---|---|---|
| १. | २०७४/०७५ | रु.१,३३,१९,१५०/- (एक करोड तेत्तीस लाख उन्नाइस हजार एक सय पचास) | |
| २. | २०७५/०७६ | रु.२६,१२,१६७/- (छब्बीस लाख बाह्र हजार एक सय सत्सठ्ठी) | |
| ३. | २०७६/०७७ | रु.१,५७,२३,१४७/- (एक करोड सन्ताउन्न लाख तेइस हजार एक सय सत्चालिस) | |
| ४. | २०७७/०७८ | रु.१,११,९२,६६९/- (एक करोड एघार लाख बयानब्बे हजार छ सय बयानब्बे) | |
| ५. | २०७८/०७९ | रु.३,१८,११,१६३/- (तीन करोड अठार लाख एघार हजार एक सय त्रिसठ्ठी) | |
| ६. | २०७९/०८० | रु.३,९८,६२,२७८/- (तीन करोड अन्ठानब्बे लाख वैसठ्ठी हजार दुई सय अठहत्तर) | |
| ७. | २०८०/०८१ | रु.१,५१,१४,४८१/- (एक करोड एकाउन्न लाख चौध हजार चार सय एकासी) | |
| ८. | २०८१/०८२ | रु.१,३१,०३,६५५/- (एक करोड एकतीस लाख तीन हजार छ सय पचपन्न) | |
| कूल जम्मा | | रु.१४,२७,३८,७१०/- (चौध करोड सत्ताइस लाख अठतीस हजार सात सय दस) | |

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।